# माधव नारायण नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २१ मिति : २०७५/०९/१८

## भाग-२

## माधव नारायण नगरपालिका

# माधव नारायण नगरपालिका

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७५

**नगर कार्यपालिकाबाट स्वीकृत मिति - २०७५।०१।१०**

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस माधव नारायण नगरपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोजन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस नगर कार्यपालिकाले नगरपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले माधव नारायण नगरपालिका आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले माधव नारायण नगर कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी आदि जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला,

क्यान्सर आदि जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिने रकम**

४.१ नगरपालिकाको संचित कोष बाट उद्धार, राहत तथा पुनर्स्थापना खर्च शिर्षक बाट तथा अन्य समाजिक सहायता शिर्षक बाट आवश्यक रकम झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिनेछ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५. अवधारणा**

माधव नारायण नगरपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा परि अंग भंग तथा मृत्यु भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**८. नीति**

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ नगरपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंग भंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी माधव नारायण नगरपालिका नगर कार्यपालिकाले स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोष बाट रकम खर्च गरिनेछ तर प्रति व्यक्ति रु. ५,०००।०० (अक्षरेपी रुपैयाँ पाँच हजार मात्र) सम्म सहायता रकम दिनका लागि नगर प्रमुखमा अधिकार रहनेछ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१०. कोषको वित्तिय व्यवस्थापन**

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) नगरसभा बाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम , तथा सहायता वापत प्रदन गरिने रकम ।

## ११. कोषको आर्थिक व्यवस्था

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## १२. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक तथा आर्थिक कारोवार नगर कार्यपालिकाको कर्मचारी बाट नै संचालन गरिनेछ ।

# परिच्छेद ५

# विविध

## १३ विपद प्रभावित वर्गीकरणः

नगरपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ :

**क) प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद जस्तै भुकम्प, पहिरो, आगलागी आदि बाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु ,

**ख) आंशिक प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तै घरमा सामान्य क्षति भएका तर बस्न लायक, पहिरोले खेतवारी सामान्य क्षति पुऱ्याएका, आगलागी भइ घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएका ।

**ग) अति प्रभावित**

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्ग भङ्ग भइ जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेका ।

## १४. राहत वितरण व्यवस्थापन सम्बन्धी :

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. १३ (क) बर्गीकरणमा परेकाहरुलाई एक देखि पाँच हजार सम्म उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. १३ (ख) बर्गीकरणमा परेकाहरुलाई प्रति परिवार पाँच देखि दश हजार सम्म उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. १३ (ग) बर्गीकरणमा परेकाहरुलाई देहायबमोजिम राहत उपलव्ध गराउने,

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु ३५,०००।

आ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु २५,०००।

इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु २०,०००।

ई) शारीरिक रुपमा घाइते भइ उपचाररत अवस्थामा रहेका प्रति व्यक्ति रु १५,०००।

उ) अति प्रभावितमा सिफारिसमा परेका संघसंस्थाहरुको हकमा महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाइ मर्मत सम्हार तर्फ रु १०,०००। तथा अन्य संस्थाहरुलाइ रु ५०००।

## १५. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने

नगरपालिकाले नगर सभा बाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

## १६. जाँच पास तथा फरफारक

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

## १७. कार्यविधिको संशोधन

यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्न सक्नेछ ।

## १८. बचाउ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा नगर कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगर कार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

घ) कोष स्थापना हुन नसकेको खण्डमा सो कोषमा जम्मा रकम बाट खर्च गर्दै लगिनेछ र सो को अभिलेख लेखाले राख्नुपर्नेछ ।

ङ) यो कार्यबिधि स्वीकृत हुनु अगाडी यस शिर्षक अन्तर्गत भएका खर्चहरु यसै बमोजिम भएको मानिनेछ ।

समाप्त

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**